# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६ ) काठमाडौं, पुस४गते २०५३ साल ( अतिरिक्ताङ्क ४६ (क)

## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ४८ को उप-दफा (५) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सम्वत् २०५३ साल माघ ११ गते मतदान हुने सुनसरी जिल्लाको निर्वाचन क्षेत्र नं. ५, काठमाण्डौं जिल्लाको निर्वाचन क्षेत्र नं. १, बैतडी जिल्लाको निर्वाचन क्षेत्र नं. १, रूपन्देही जिल्लाको निर्वाचन क्षेत्र नं. २ र रौतहट जिल्लाको निर्वाचन क्षेत्र नं. २ मा प्रतिनिधि सभा सदस्यको उप-निर्वाचनको लागि मतपत्रमा छाप लगाई मतदान गर्ने प्रयोजनको लागि देहायबमोजिमको चिह्न तोकेको छः-

मतसंकेत गर्ने स्वस्तीक चिह्न



९८६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ४४ को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सम्वत् २०५३ साल माघ ११ गते मतदान हुने सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं ५, काठमाडौं जिल्लाको निर्वाचन क्षेत्र नं. १, बैतडी जिल्लाको निर्वाचन क्षेत्र नं. १, रूपन्देही जिल्लाको निर्वाचन क्षेत्र नं. २ र रौतहट जिल्लाको निर्वाचन क्षेत्र नं. २ मा प्रतिनिधि सभा सदस्यको उप-निर्वाचनको लागि देहायबमोजिनको मतपत्रको ढाँचा तोकेको छ :–

६९९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

## मतपत्रको ढाँचा

प्रतिनिधिसभा सदस्य उपनिर्वाचन, २०५३

.........जिल्ला, निर्वाचन क्षेत्र नं. ....

गा.वि.स./न.पा .... ...

वडा नं. .....

मतदाताको क्र.सं. .......

मतदाताको सहीछाप

**मतपत्र** प्रतिनिधिसभा सदस्य उपनिर्वाचन, २०५३

.........जिल्ला, निर्वाचन क्षेत्र नं. ...

| | |
|---|---|
| चिह्न | चिह्न |
| चिह्न | चिह्न |
| चिह्न | चिह्न |
| चिह्न | चिह्न |
| चिह्न | चिह्न |

... ... ... . . ...

मतदान अधिकृतको सही



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टव्यः

१. मतपत्रको अधकट्टीमा माथि "प्रतिनिधिसभा सदस्य उप-निर्वाचन, २०५३, जिल्लाको नाम तथा निर्वाचन क्षेत्र नं. र बायाँतर्फ "गा.वि.स.।न.पा.," "वडा नं.," "मतदाको क्र.सं," र बायाँतर्फ वर्गभित्र "मतदाताको सहीछाप" भन्ने शब्दहरू उल्लेख हुनेछन् ।

२. मतपत्रको अधकट्टीमा पछिल्तिर मतपत्रको सिलसिलेवार नं. रहनेछ ।

३. मतपत्रको अधकट्टीको तलको मुख्य भाग मतदातालाई प्रदान गरिनेछ। मतपत्रको यस भागमा माथि "मतपत्र प्रतिनिधिसभा सदस्य उप-निर्वाचन, २०५३" र जिल्लाको नाम तथा निर्वाचन क्षेत्र नं. उल्लेख हुनेछ। त्यसपछि आयताकार कोठामा उम्मेदवारको निर्वाचन चिन्ह हुनेछ । निर्वाचन चिन्हको क्रम समाप्त भएपछि तल दायाँतर्फ "मतदान अधिकृतको सही" भन्ने शब्दहरू उल्लेख हुनेछन् ।

४. मतपत्रको मुख्य भागमा शुरूमा २०५१ सालको आम-निर्वाचनमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) को खण्ड (घ) बमोजिमको शर्त पूरा गर्ने राजनैतिक दलहरूका उम्मेदवारहरूको निर्वाचन चिन्ह, त्यसपछि उपरोक्त बमोजिमको शर्त पूरा नगर्ने राजनैतिक दल तथा निर्वाचनको लागि मान्यता प्राप्त नभएको राजनैतिक दलको रूपमा दर्ता भएका राजनैतिक दलका उम्मेदवारहरूको निर्वाचन चिन्ह र त्यसपछि स्वतन्त्र उम्मेदवारको निर्वाचन चिन्ह निजहरूको नामको वर्णानुक्रम अनुसार रहने छन् ।

५. मतपत्रमा निर्वाचन चिन्हको क्रमको प्रारम्भ बायाँतर्फको कोठामा १ नं. र दायाँ तर्फको कोठामा २ नं. को क्रम अनुसार निर्वाचन चिन्हहरू रहनेछन् ।

६. मतपत्रमा सेतो पृष्ठभूमिमा सिम्रिक रंगमा अक्षर, निर्वाचन चिन्ह र कोठाका रेखाहरू छापिएका हुनेछन् ।

७. दायाँ-बायाँ निर्वाचन चिन्ह रहेका कोठाहरूको रेखाहरूको बीचको खाली ठाउँमा प्रमुख निर्वाचन आयुक्तको हस्ताक्षर सिम्रिक रंगमा छापिएको हुनेछ ।

आज्ञाले,
हिरण्यलाल रेग्मी
निर्वाचन आयोगको सचिव

६४०



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।